प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २४४ ॥ २०८२ कातिक १५ गते शनिबार (1st Nov 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# प्रसाईको पाँचौ आन्दोलन कति प्रभावकारी ?

झापा(प्रस)। आगामी मंसिर ७ देखि अनिश्चितकालीन आन्दोलन घोषणा गरेको दुर्गा प्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानले स्थापनाको करिव तीन वर्षको अवधिमा यसअघि चारपटक आन्दोलन गरिसकेको छ । त्यसमध्ये कुन सफल र कुन असफल रह्यो समीक्षाकै विषय बन्न सक्छ । विगतका आन्दोलनलाई आधार मानेर प्रसाईले गर्न लागेका मंसिर ७ को आन्दोलनलाई आँकलन गर्दै सरकारले पूर्वतयारी गरिरहेको छ ।

पहिला माओवादी र त्यसपछि एमालेमा लागेर राजनीति गरेका बीएण्डसी अस्पतालका संचालक प्रसाईले दुवै पार्टीमा भविष्य नदेखेपछि २०७९ फागुन १ गते पूर्वी सिमाना मेची नदीको बगरमा पूर्व राजा ज्ञानेन्द्र शाहलाई बोलाएर राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान घोषणा गरेका थिए । त्यसपछि अभियानको ब्यानरमा २०८० मंसिर ७ गते राजधानीको बल्खुमा आन्दोलन गरिएको थियो भने त्यसको एक वर्षपछि २०८१ मंसिर ७ गते सिफलमा आन्दोलन भएको थियो । पछिल्लो पटक उनले २०८१ चैत १५ गते तीनकुनेमा आन्दोलन गरेका थिए । जुन विर्सन लायक बन्यो ।

गत चैत १५ मा संयुक्त जनआन्दोलन समितिले आयोजना गरेको कार्यक्रम



हिंसात्मक बनेको थियो। तीनकुने जनसभामा प्रहरीले व्यापक गोली प्रहार गरेको थियो। यस घटनामा २१ जनालाई गोली लागेको थियो। सबिन महर्जनको मृत्यु भएको थियो भने २० जना गम्भीर घाइते भएका थिए।

चैत १५ कै आन्दोलनका कारण जेलमा बस्नु परेका प्रसाईंले मंसिर ७ गतेदेखि गणतन्त्र र भ्रष्टाचारको विकल्पमा फेरि आन्दोलन गर्ने घोषणा गरेका छन्। प्रसाईंले सञ्चालन गरेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ नामक अभियानमार्फत 'बृहत् नागरिक मुक्ति आन्दोलन'का नाममा मंसिर ७ गते काठमाडौँमा शक्ति प्रदर्शन गर्ने भनिएको छ।

जसका लागि अहिले फेसबुक, एक्स (ट्विटर), इन्स्टाग्राम, युट्युब, टिकटकलगायत सबैतिर दर्जनौँ एकाउन्टमार्फत प्रसाईंका समर्थकहरूले मंसिर ७ गते काठमाडौं पुगेर प्रदर्शनमा सहभागी हुन आह्वान गरिरहेका छन्। प्रसाईंनिकट व्यक्तिहरूले मंसिर ७ गतेको प्रदर्शनमा देशभरिबाट १० देखि १५ लाख व्यक्ति काठमाडौं उत्रिने दाबी गरेका छन्। कतिपयले
मंसिर ७ को आन्दोलनमा तीनकुने घटनाको पुनरावृत्ति हुने आशंका व्यक्त गरेका छन् ।

यसैबीच बिर्तामोडको सिटी सेन्टरस्थित राष्ट्र,राष्ट्रियता,धर्म,संस्कृति र नागरिक बचाउ अभियानको कार्यालयमा मंसिर ७ को आन्दोलनबारे छलफल भएको छ । अभियानको झापा जिल्ला समितिको आयोजनामा अभियानका संयोजक राजेश राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा अभियानका मेची अञ्चल संयोजक मधुरकान्त सिटौलाको प्रमुख आतिथ्यता रहेको थियो ।

उक्त बैठकमा मंसिर गतेबाट शुरु हुने आन्दोलनको क्रममा भैपरी आउन सक्ने आकस्मिक खर्च ब्यबस्थापनको लागि केन्द्रीय सदस्य,अञ्चल सदस्य,जिल्ला सदस्य र नगर सदस्यबाट जनही एक-एक हजार वा सो भन्दा माथि स्वेच्छिक सहयोग संकलन गर्ने निर्णय गरिएको छ । त्यस्तै आन्दोलनका लागि कक्षा ११र १२ पढ्ने बिद्यार्थी,पण्डित तथा सनातन धर्मका ब्राम्हण समाज,पिठक,संघ संस्थासंग समन्वय गर्न १५ वटै स्थानीय तहमा गएर कार्यबिभाजनसहित समिति निर्माण गर्ने निर्णय भएको छ । थप छलफलका लागि शनिवार पुनः बैठक बस्ने जनाइएको छ ।

## दुर्गा प्रसाईका २६ बुँदे माग यस्ता छन्

१. नेपाल नेपालीले नै बनाउने हो, नेपालको व्यापार नेपालीले नै गर्ने ।
२. नेपालको संविधान खारेज गरि व्यवस्था परिवर्तन गराइ बौद्ध किरातसहित वैदिक सनातन धर्म सापेक्ष हिन्दु अधिराज्यसहित संबैधानिक राजसंस्था स्थापना गर्ने ।
३. देशको सेतो हात्ती भएको प्रदेश संरचना खारेज गरी ५ विकास क्षेत्र, १४ अञ्चल जिल्ला कायम गर्ने ।
४. प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्ने ।
५. बैंक संचालकहरु र उच्च व्यापारिक घरानाको नामले चिनिनेहरुले चलाएको बैंक ३४ खर्ब रुपैयाँ जोखिममा रहेको हुनाले बैंक वित्तीय संस्थालाई एक पटक राष्ट्रियकरण गरी सो जोखिम रकम उठाई बैंक र व्यवसायीलाई छुट्याउने ।
६. लघुवित्त र सहकारीको ऋण तिर्न खाडी मुलुकमा कामदारको रुपमा गएका नेपाली युवालाई नेपालमै फर्काउने, नेपालमा नै सीप अनुसारको कामको व्यवस्था गर्ने ।
७. खाडीका जेलहरुमा बस्न बाध्य रहेका करिब ७ हजार युवालाई नेपालमै फर्काउने ।
८. सर्वहारा वर्ग र भुइँमान्छेले लिएको लघुवित्त र सहकारीको २० लाख भन्दा मुनिको ऋण मिनाहा गर्ने ।
९. २० लाखभन्दा माथिको मध्यम वर्गीय नेपाली व्यापारीको ऋण २५ वर्षको अवधि राखेर ५ प्रतिशत ब्याजमा तिर्न पाउने व्यवस्था मिलाउने ।
१०. सहकारी बचतकर्ताको डुबेको रकम राज्यले जिम्मा लिएर तिर्ने व्यवस्था मिलाउने ।
११. बैंक वित्तीय संस्थाहरुले लिलाम

❖ बाँकी पृष्ठ ३ मा

## 'सरकारले त्यहीअनुसार कारवाही गर्छे'



झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीले दुर्गा प्रसाईंले जस्तो व्यवहार गरे सरकार त्यहीअनुसार अघि बढ्ने चेतावनी दिएकी छन् ।
शुक्रबार बेलुका बालुवाटारमा सम्पादकहरुसँगको छलफलमा उनले यस्तो बताएकी हुन् ।
"उहाँ निकै बलियो भएको देखियो । फौज राखेको देखियो । उहाँले राजनीतिक दल नै बनाए हुन्छ," उनले भनिन्, "दल बनाएर जित हासिल गरेमा राजा ल्याउन पनि सक्नुहुन्छ ।
हिंसा भड्काउन खोजेमा कानुन आकर्षित हुन्छ । जति लामो भाषण पनि गर्न सक्नुहुन्छ । हतियार बोक्न थाले त्यहीअनुसार सरकारले कानुन लगाउँछ । त्रासको वातावरण सिर्जना गरे सरकारले आफ्नो काम अघि बढाउँछ ।"

## वर्षाले मेची राजमार्ग भासियो

झापा(प्रस) । जिल्ला प्रशासन कार्यालय इलामले मेची राजमार्ग र वैकल्पिक सडकमा सवारी साधन सञ्चालनमा पूर्णरूपमा रोक लगाएको छ ।
विहीवारदेखिको निरन्तर वर्षाका कारण इलामको मेची राजमार्गस्थित राजदुवाली सडकखण्ड दबिँदै, भासिँदै र चिरिँदै गएको छ । साथै तिल्केनी- सिमलगोलाई - शिल्पुर वैकल्पिक सडकखण्ड समेत पहिरोका कारण अवरुद्ध बनेको छ । जिल्ला प्रशासन कार्यालय इलामले अर्को सूचना जारी नभएसम्मका लागि ती बाटो हुँदै सवारी साधन सञ्चालनमा पूर्णरूपमा रोक लगाइएको जानकारी दिएको छ ।
इलाम- ९ राजदुवालीस्थित मेची राजमार्गको विभिन्न ठाउँमा जमिन चिरा परी दवेको कारण पहिरो जान सक्ने धेरै जोखिम रहेको छ । जसका कारण दुवैतर्फ सडक अबरोध भएको छ । इलाम- १० शिल्पुरदेखि इलाम ८ तिल्केनी जोड्ने वैकल्पिक भित्री सडकखण्ड समेत अबरोध रहेको

❖ बाँकी पृष्ठ ३ मा

### खजुरगाछी बजारमा भीषण आगलागी

## १ करोड २० लाखको क्षति

झापा(प्रस) । झापा गौरीगंजको खजुरगाछी बजारमा भएको आगलागीबाट १ करोड २० लाख बराबरको क्षति भएको छ ।
चन्द्रप्रसाद नायकको नाममा रहेको राहुल खुद्रा किराना पसल पूर्ण रुपमा जलेर नष्ट हुँदा ३० लाख, उनकी श्रीमती मिनुदेवी नायकको नाममा रहेको लक्ष्मी भाडा पसल पूर्ण रुपमा जल्दा २० लाख र राजेन्द्र ढकालको घर र घरभित्र रहेका सुन, चाँदी , नगद ,लत्ताकपडा ,भाँडाबर्तन गरी ७० लाख गरी जम्मा १ करोड २० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । बिहीवार राति १० बजे गौरीगंज गाउँपालिका ६ खजुरगाछी बजार बस्ने नायकको होलसेल किराना पसलबाट विद्युत सर्ट भई अचानक आगलागी भएको थियो । आगलागीबाट नायकको पसलसंगै नजिकै रहेको राजेन्द्र ढकालको इटाको गारो र टिनको छाना भएको २ तले आठकोठे घर पनि जलेर नष्ट भएको हो ।आगलागीबाट त्रिभुवन आदर्श पुस्तकालयमा पनि क्षति पुगेको छ ।



इलाका प्रहरी कार्यालय गौरीगंजबाट प्रहरी निरीक्षक भुवनबाबु खड्काको ( कमाण्डमा २५ जनाको टोली र प्रस्तावित सीमा सुरक्षा गुल्म फत्तेपुरबाट सशस्त्र प्रहरी नायव उपरीक्षक दिनेश श्रेष्ठको कमाण्डमा १८जनाको टोली खटिएर उक्त आगो गौरादह, शिवसतासी र कमलको दमकल तथा स्थानीयबासीको सहयोगमा राति १२ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

## मोन्था चक्रवातले तराईका धानखेतीमा व्यापक क्षति

झापा(प्रस) । भारतको पूर्वी तटबाट उत्पन्न भएको मोन्था चक्रवातको प्रभाव नेपालमा समेत परेको छ। पछिल्ला केही दिनयता परेको लगातार वर्षा र हावाहुरीका कारण झापा, मोरङ, सुनसरी, बाँके, बर्दिया, कपिलवस्तु, बारा लगायतका तराईका जिल्लामा धान खेतीमा ठूलो क्षति पुगेको छ।
धान घर भित्र्याउने तयारीमा रहेका किसान धान खेतमा पानी परेर बाली भिजेकाले चिन्तित भएका छन्। कतिपय ठाउँमा काटिएको धान सिधै खेतमै कुहिन समेत थालेको किसानहरूले बताएका छन्।
किसानहरु भन्छन्– 'खेत रोप्ने वेला खडेरीले हैरान पार्‍यो, अहिले भित्र्याउने वेला लगातार पानीले खेत डुब्यो। काटेको धान सुकाउनै नसक्ने अवस्था छ।'



उनीहरुका अनुसार धान हिलोमा टाँसिएर उठाउनै गाह्रो भयो, धान टुसाउँदा यो वर्ष धेरै क्षति हुने भयो।
कृषि प्राविधिकहरूको भनाइमा मोन्था चक्रवातको कारण उत्पन्न वर्षाले धानको गुणस्तरमा प्रत्यक्ष असर पार्नेछ। लगातार वर्षाका कारण धान टुसाउने समस्या देखिन सक्छ, जसले बजार मूल्यमा गिरावट ल्याउन सक्छ।
मौसम विज्ञान विभागले भने अझै वर्षा र हावाहुरीको सम्भावना रहन सक्ने चेतावनी दिएको छ भने विभागले किसानहरूलाई धान सुकाउने अस्थायी उपाय अपनाउन र खेतको पानी निकास सुनिश्चित गर्न अनुरोध गरेको छ।

शनिवार साँझबाट आकाश आंशिक सुधार देखिए पनि देशभर सोमबारबाट आकाश पूर्ण सफा रहने जानकारी विशेषज्ञहरूले दिएका छन्। यस्तै कृषि विज्ञका अनुमानमा यस चक्रवातले यस वर्षको धान उत्पादनमा ५ देखि १० प्रतिशतसम्म गिरावट ल्याउन सक्छ, जसको असर स्थानीय खाद्यान्न आपूर्तिमा समेत देखिनेछ।
किसानहरूलाई कृषि बिमामा संलग्न नहुँदा किसानले विगतका वर्षभैँ ठूलो आर्थिक क्षति भोग्नुपर्नेछ। सरकारले कृषि क्षेत्रमा जलवायु परिवर्तनको क्षति न्यूनीकरण गर्न कृषि प्रविधिमा व्यापक सुधार सहित किसानलाई कृषि बिमामा संलग्न गराउन नसक्दा कृषि क्षेत्र संकटमा परेको छ। कृषि क्षेत्रको उत्थानका लागि सम्पूर्ण सरोकारवालाहरू सचेत रहेर विशेष कदम चाल्नुपर्ने देखिन्छ।

## ओली र लेखकको पक्षमा अन्तरिम आदेश दिन अस्वीकार





झापा(प्रस) । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसहितको पासपोर्ट रोक्का र एक स्थानवाट अर्को स्थानमा जान अनुमति लिनुपर्ने निर्णय बदर हुनुपर्ने दाबी गरिएको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ ।
न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले कारण देखाउ आदेश मात्र जारी गरेको छ ।
अधिवक्ता प्रेमराज सिलवालले एक स्थानवाट अर्को स्थानमा जान अनुमति लिनुपर्ने निर्णय गैरसंवैधानिक भएको दाबी गर्दै रिट दायर गरेका थिए ।

जेन-जी आन्दोलनपछि छानबिनका लागि गठन भएको जाँचबुझ आयोगले घटनाहरुमा अनुसन्धान गरी कारबाहीको सिफारिससम्म गर्न सक्ने तर कारबाही आफैले गर्न नसक्ने भएकाले यसरी रोक्का राख्नु गैरकानुनी हुने दाबी रिटमा गरिएको थियो ।

## बिर्तामोडमा ९ जना जुवाडे पक्राउ

झापा(प्रस) । बिर्तामोडमा ९ जना जुवाडे पक्राउ परेका छन् । शुक्रवार बिहानको राति १:४५ बजे बिर्तामोड -४ पश्चिम स्टेन्ड छेउमा डेरा लिई बस्ने बाह्रदशी ४ बस्ने २९ वर्षीय राजकुमार साहको कोठामा तास खेल्दै गरेका ९ जना जुवाडेहरु पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा बिर्तामोड २ बस्ने बर्ष ३८ का रतन राजवंशी , सोही ठाउँ बस्ने बर्ष २६ का किशोर पराजुली , बर्ष ४३ का उत्तम शिवाकोटी , बर्ष ४३ का राजन थापा ,बिर्तामोड ३ बस्ने बर्ष ४० का डम्बर बस्नेत , सोही ठाउँ बस्ने बर्ष ४० का दिवाकर प्रसाई , बिर्तामोड ५ बस्ने बर्ष ३६ का राजेन्द्र चौधरी , बाह्रदशी ४ बस्ने बर्ष २९ का राजुकुमार साह र मेचीनगर २ बस्ने बर्ष २८ का नारायण पराजुली रहेका छन् ।
तास खेलिरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।



उनीहरुबाट नगद रु ७५ हजार ६०० र नखोलेको सिलप्याक तास ७ बुङ, खोलेको १ बुङ तास बरामद भएको छ ।

पक्राउ परेका जुवाडेलाई पाँच दिन हिरासतमा राखिने भएको छ । उनीहरुलाई शुक्रवार मुलुकी अपराध संहिता २०७४ अन्तर्गत जुवा कसुरमा अनुसन्धानको लागि जिल्ला प्रशासन कार्यालय झापाबाट पाँच दिनको म्याद लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मलेसियाका श्रम सर्तबारे पहल गर्न प्रमको निर्देशन

झापा(प्रस)। प्रधानमन्त्री सुशीला कार्कीले मलेसिया सरकारले वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीका लागि तोकेका नयाँ मापदण्डका कारण पर्न सक्ने सम्भावित असर अध्ययन गरी आवश्यक पहल गर्न श्रम सचिवलाई



निर्देशन दिएकी छिन् । प्रधानमन्त्री कार्कीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव कृष्णहरि पुष्करलाई बोलाएर उक्त विषयको समाधानका लागि पहल गर्न निर्देशन दिएकी हुन् ।

मलेसिया सरकारले कात्तिक १० गते (२७ अक्टोबर) मलेसियामा रहेको दूतावासलाई पत्रमार्फत मलेसिया सरकारले तोकेका नयाँ मापदण्ड कार्यान्वयन गर्ने म्यानपावरबाट श्रमिक पठाउन जानकारी गराएको थियो । नेपालको कानुन अनुसार सञ्चालित म्यानपावर कम्पनीलाई मलेसिया सरकारले केही सीमित व्यवसायीको प्रलोभनमा परेर सिन्डिकेट गरेको भन्दै व्यवसायी र सरोकारवालाबाट गुनासो आएपछि प्रधानमन्त्री कार्कीले चासो व्यक्त गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सचिव पुष्करले मलेसियाले जारी गरेको नयाँ मापदण्डबारे जानकारी प्राप्त भएको र कूटनीतिक रूपमा यस विषयको सम्बोधन गर्नुपर्ने बताए । उनका अनुसार प्रधानमन्त्री कार्कीले यस विषयमा परराष्ट्र, अर्थ र श्रम मन्त्रालयसँग पनि समन्वय गर्नसमेत निर्देशन दिइन् ।

मलेसिया नेपालीको प्रमुख श्रम गन्तव्य देशमा पर्छ । दुई वर्षयता भने मलेसियाले नयाँ श्रमिक लिन छोडेको थियो । यस वर्ष चाहिँ मलेसियाले दुई लाख आप्रवासी श्रमिक मागेको छ ।

# निजी अस्पतालका नर्सलाई सरकारी नर्सको साथ

झापा(प्रस) । न्यूनतम तलब, भत्ता र सेवा-सुविधा सुनिश्चित गर्न माग राख्दै देशभरका सबै अस्पतालका नर्सहरूले विरोध प्रदर्शन गरेका छन् । सरकारीसरह सेवा सुविधा र पारिश्रमिकको माग गर्दै आन्दोलनमा उत्रिएका नर्सहरूलाई सरकारी अस्पतालका नर्सहरूले पनि ऐक्यवद्धता जनाउँदै आन्दोलनमा उत्रिएका हुन् ।

नर्सिङ संघले अघि सारेको १५ बुँदे मागलाई पूरा गर्नुपर्ने भन्दै शुक्रबार देशभरका अस्पतालका नर्सहरूले प्रदर्शन गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८२/०६/२४ को पत्र कार्यान्वयन गरी स्वास्थ्यकर्मीहरूको न्यूनतम पारिश्रमिक सरकार सरह नघट्ने गरी दिनुपर्ने, अतिरिक्त कार्यवापत भत्ता दिनुपर्ने, ज्यालादारीमा नचलाउने र तलब-भत्ता बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्नुपर्ने उनीहरुको माग छ । त्यस्तै हालसम्म श्रमिकको रुपमा हेरिएको दक्ष नर्सिङ जनशक्तिलाई स्वास्थ्य ऐन अन्तर्गत व्यवस्थापन गर्नुपर्ने लगायतको माग रहेको सिभिल अस्पतालमा कार्यरत नर्स बिमला पौडेलले बताइन् ।

शुक्रवार बिहान १० देखि विरोध प्रदर्शन गरेका नर्सहरूले कार्तिक १८ गतेसम्म पनि सुनुवाइ नभए कडा आन्दोलन जान सक्ने बताएका छन् । श्रमको सम्मान नभएसम्म नर्स आन्दोलन जारी रहने नर्सिङ संघले जनाएको छ ।

# चार पालिकाले दिए हरिवोधिनी एकादशीको विदा

झापा(प्रस) । झापाका चार पालिकाले हरिवोधिनी एकादशीको विदा दिएका छन् । हल्दिवारी , कचनकवल ,बाह्रदशी र झापा गाउँपालिकाले आइतवार स्थानीय विदा दिएका हुन् । हरिवोधनी एकादशी आज शनिवार परेको छ ।

हिन्दु धर्मावलम्बीहरुको महान पर्व हरिवोधिनी एकादशीको अवसरमा आइतबार गाउँपालिका कार्यालय र मातहतका शाखा, वडा कार्यालयहरु, शैक्षिक संस्था, स्वास्थ्य संस्था (अत्यावश्यक सेवा बाहेक) हरुमा विगत वर्षहरुमा झैं यस वर्ष पनि स्थानीय सार्वजनिक विदा दिइएको ती पालिकाहरुले सूचना जारी गरी जनाएका छन् ।


## श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ५ को

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१५

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत तिर्न/बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाइ ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, व्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत) चुक्ता गर्नहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते ऋणीको नाम :**

ऋणीको नाम : डिल्लीराम बास्कोटा
बाबु : टिकाराम बास्कोटा
बाजे : केवलीराम बास्कोटा
श्रीमतीः जानुका बास्कोटा
वतन : शनिश्चरे वडा न.०३
नागरिकता न. : ०४-०१-७०-२२९३३
जारी मिति : २०७०-०९-१२

**धितो दिएको जग्गाको विवरण :**

| रोक्का मोठ/पाना नं. | न.पा/गा.वि.स | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| ३ | साबिक बुधवारे ४, हाल बुद्धशान्ति २ | ४ | ३९३६ | ०-६-१७-० | डिल्लीराम बास्कोटा |
| ६२ | | | | २३१९/६८ | |

**श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**





**कपुरी मोटोकर्प प्रा.लि.**
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने पन्ध्र (१५) दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८२/०७/१५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो **१५ दिने** सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरि लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **१६औं** दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट कर्जा असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| शाखा कार्यालय : सुरुङ्गा | कर्जा शिर्षकः- व्यावसायिक आवधिक कर्जा, व्यावसायिक चालुपुँजी कर्जा, सवार ीसाधन कर्जा, व्यक्तिगत आवधिक कर्जा, आवास कर्जा र डिमाण्ड कर्जाहरु । |
|---|---|

**ऋणी, धितो र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीन पूस्ते विवरण**

**ऋणी :**

१. कम्पनी ऐन २०५३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०५९/०३/२८ मा दर्ता नम्बर १९२०६/०५८/०५९ अन्तर्गत रजिष्टर्ड भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, साविक सुरुङ्गा गा.वि.स., वडा नं. ५ भई हाल कन्काई न.पा., वडा नं. ३ मा स्थित **देवकोटा एजुकेशन फाउण्डेशन प्रा.लि.**।

२. रंग नाथ उप्रेतीकी छोरी, पूण्य प्रसाद संग्रौलाकी पत्नी नागरिकता बमोजिम झापा जिल्ला गौरादह गाउँ पञ्चायत वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला कन्काई न.पा., वडा नं ३ बस्ने मिति २०४४/१२/३० मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ४२३१४३१२ भएकी बर्ष ५४ की **वीष्णु कुमारी उप्रेती** ।

३. तुलसी प्रसाद फुयलको नाती, थिर प्रसाद फुयलको छोरा नागरिकता बमोजिम झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कनकाई न.पा., वडा नं. ३ बस्ने मिति २०५५/११/२१ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ९१५२२४४० भएको बर्ष ४४ को **हरि प्रसाद फुयल** ।

**धितो सुरक्षणको विवरण :**

१. वीष्णु कुमारी उप्रेतीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५, स्थित कि.नं. ६५०६ को क्षेत्रफल ०-३-३.२५ बि.क.धु. जग्गा, उक्त जग्गामा निर्मित पक्की घर र उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।

२. वीष्णु कुमारी उप्रेती र हरि प्रसाद फुयल को संयुक नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ६३८४ को क्षेत्रफल ०-४-० बि.क.धु. जग्गा, उक्त जग्गामा निर्मित पक्की घर र उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।

| | |
|---|---|
| **व्यक्तिगत जमानतकर्ता/धितोजमानीकर्ता :**<br>नाम : वीष्णु कुमारी उप्रेती<br>बाबू : रंग नाथ उप्रेती<br>पति : पूण्य प्रसाद संग्रैला<br>ना.प्र.नं : ४२३१४३१२ (जारी मिति २०४४/१२/३०, झापा)<br>ठेगाना : झापा जिल्ला, गौरादह गाउँ पञ्चायत, वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं ३ बस्ने । | **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : तुलसा पौडेल<br>बाबू : गणेश कुमार पौडेल<br>पति : सौरभ संग्रौला<br>ना.प्र.नं : ०४-०१-७४-०७२३७ ( जारी मिति २०७४/०५/१२, झापा)<br>ठेगाना : झापा जिल्ला, झापा गा.पा., वडा नं ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने । |
| **व्यक्तिगत जमानतकर्ता/धितोजमानीकर्ता :**<br>नाम : हरि प्रसाद फुयल<br>बाबू : थिर प्रसाद फुयल<br>बाजे : तुलसी प्रसाद फुयल<br>ना.प्र.नं : ९१५२२४४० (जारी मिति २०५५/११/२१, झापा)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा न ६ स्थायी ठेगाना भई हाल कन्काई न.पा, वडा नं ३ बस्ने । | **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : सौरभ संग्रौला<br>बाबू : पूण्य प्रसाद संग्रौला<br>बाजे : गोपी लाल संग्रौला<br>ना.प्र.नं : ०४-०१-७१-०३१७४ ( जारी मिति २०७१/०३/०८, झापा)<br>ठेगानाः झापा जिल्ला, कन्काई न.पा., वडा नं ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने । |

**व्यक्तिगत जमानतकर्ता :**
नाम : सिता खरेल
बाबू : कृष्ण प्रसाद खरेल
पति : हरि प्रसाद फुयल
ना.प्र.नं : ७६१५१७१० ( जारी मिति २०६१/११/२६, झापा)
ठेगाना : झापा जिल्ला, कन्काई न.पा., वडा नं ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ३ बस्ने ।

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उद्योगको समस्या बुझौं

देशका उत्पादनमूलक केही प्रमुख उद्योगहरू धमाधम बन्द हुन थालेका छन् । विद्युत् प्राधिकरणले लाइन काटेपछि पञ्चकन्या ग्रुपका भैरहवा प्लान्टका सबै उद्योग बन्द भएका छन् भने अर्घाखाँची सिमेन्ट, शिवम सिमेन्ट, रिलायन्स स्पिनिङ मिल्सलगायत २५ वटा उद्योगको लाइन काटिएको छ । लाइन काटिएपछि उद्योगहरू बन्द हुँदा हजारौँ कामदारहरूको रोजगारी पनि सङ्कटमा परेको हो ।

यीमध्ये कतिपय उद्योगको उत्पादनबाट देश आत्मनिर्भर भएको छ भने कतिपयको उत्पादन विदेश निर्यातसमेत हुन्छ । यस्ता उद्योग महसुल विवादकै कारण बन्द हुन पुगे भने त्यो राष्ट्रिय अर्थतन्त्रकै लागि दुर्भाग्य हुनेछ । साथै, सरकारले उद्योगप्रति यस्तो व्यवहार गर्ने देशमा वैदेशिक लगानी भित्रिने त कल्पना पनि गर्न सकिँदैन ।

प्राधिकरणले उतिबेलाको बक्यौता महसुल उद्योगहरूले नतिरेकाले विद्युत् आपूर्ति बन्द गरेको जनाएको छ । उद्यमीहरूले भने प्राधिकरणले उद्योगहरूले गरेको विद्युत् खपतको विश्वसनीय अङ्क नै देखाउन नसकेको भन्दै तोकिएको महसुल रकम भुक्तान गर्न नसकिने अडान राखेका छन् ।

डेडिकेटेड तथा ट्रंक लाइनको महसुलसम्बन्धी विवाद नयाँ भने होइन । यसको थालनी २०७५ सालबाटै हुनथालेको हो भने सरकारले विवाद सल्टाउनका लागि २०८० सालमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा समितिसमेत गठन गरेको थियो । उतिबेलाको सरकारले लाल समितिको सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरेपछि विवाद साम्य भएको हो ।

कुन्नि के कारणले हो लाल समितिको सुझाव कार्यान्वयन हुन सकेन र विवाद कायमै रह्यो । कतिपय उद्योगहरूका तर्फबाट दिइएको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । यस्तो अवस्थामा उद्योगहरूलाई दिइआएको बिजुलीको लाइन काट्दा पर्नसक्ने दूरगामी असरका सम्बन्धमा सरकार गम्भीर नहुनु दुःखद विडम्बना हो ।

अहिलेको आर्थिक, राजनीतिक र सामाजिक अवस्था एवं परि स्थितिमा यसरी उद्योगहरू बन्द गराउनु सरकारकै लागि पनि प्रत्युत्पादक हुने देखिन्छ । उद्योगहरू बन्द गर्न बाध्य उद्यमीहरू त अरू धन्दामा लाग्लान् वा विदेशमा लगानी गरेर कारोबार चलाउन पनि सक्लान् तर तिनमा आश्रित कामदारहरूको भने आजीविका नै बन्द हुनेछ ।

जीविकोपार्जनमा प्रहार भएका हजारौं श्रमिक सडकमा आए भने के हुन्छ ? लाइन काटिएका उद्योगहरू सधैँका लागि बन्द भए भने देशको अर्थतन्त्रमा कति नकारात्मक प्रभाव पर्छ ? यसैले सरकार आफ्नो दायित्वप्रति बढी नै सजग र गम्भीर हुनु जरुरी देखिन्छ ।




# राजनीतिक 'प्रायश्चित्त' को मौका



• डा.शोभाकर पराजुली

नियतिले हिर्काएको गहिरो चोट बोकेर यतिबेला देश फेरि एउटा अलमलमा फसिरहेको छ, निर्वाचन हुन्छ अनि निर्वाचन हुँदैन । योसँगै गाँसिएको अर्को मलमल हो, संसद् पुनर्स्थापना गर्नु पर्छ/हुनु पर्छ वा नगरौँ/हुनु पर्दैन । इतिहासमा यति धैरै लामो अलमल र अनिश्चितताको चक्रमा नेपाल सायदै थियो । एकातिर दलविहीनताको परि स्थितिले राष्ट्रसञ्चालन प्रणाली च्यापिएको छ भने अर्कोतिर अन्तरिम सरकार निर्वाचनको बोझमा । यो गञ्जागोल र लथालिङ्ग देशमा परिस्थिति क्षणमै के-कस्तो भइदिन्छ त्यो कसैलाई थाहा छैन । हामी अहिले यस्तो अँध्यारो अन्योलग्रस्त दोबाटोमा छौँ ।

यो परिस्थिति कसरी आयो, कसले यस्तो गरायो ? भन्ने अन्तहीन र तर्कहीन बहस गरेर फेरि अब मुलुक र राजनीतिलाई अलमल्याउने समय छैन । समयले धैरै नेटो काटिसकेको छ । गत भदौ २३ र २४ गते देशमा जुन प्रकारको राजनीतिक प्रलय आयो र त्यसले सबैतिर तहसनहस पारिदियो, त्यसका अन्तर्य बिस्तारै खुल्दै जालान् । रहस्यका पर्दा बिस्तारै उघारिँदै जालान् । तथापि अहिलेको समय भनेको धैर्य, संयम, समन्वय, सहकार्य र सहअस्तत्वको स्वीकार्य मात्रै हो । यसैले हामीलाई निकासको त्यो बाटोसम्म डोऱ्याउन सक्छ, जहाँ फागुन २१ गते देशमा आमचुनावको घोषणा गरिएको छ ।

अहिलेकै संवैधानिक व्यवस्था अनुसार त्यो चुनावमा भाग लिने भनेका राजनीतिक दल नै हुन् । निर्दलीय वा 'स्वतन्त्र' हरूको वैयक्तिक अधिकार त छँदै छ । अहिले तिनै राजनीतिक दलहरू नै चुनाव वा प्रतिनिधि सभाको पुनर्स्थापनाको अलमलमा अलमलिइरहेका छन् । एक प्रकारले भन्ने हो, यो अलमल नै अहिलेको परिस्थितिमा बेकारको छ । यद्यपि प्रतिनिधि सभाको विघटनविरुद्ध अहिले सर्वोच्च अदालतमा समेत सुनुवाइ सुरु भएको छ । त्यसको औचित्य पुष्टि सर्वोच्चले पक्कै पनि गर्ने नै छ । अहिले त्यसबारे अदालत बाहिर व्यर्थको बहस जरुरी पनि छैन । तथापि आफैँ जलेर खरानी भएको न्यायालयले देशको एउटा जटिल मुद्दामा सुनुवाइ सुरु गरेको यो सकारात्मक हो । न्यायालयलाई प्रभावित पार्ने गरी अहिले कसैले केही गर्नु हुँदैन ।

देशका सबैभन्दा ठुला दल मिलेर बनाएको साझेदारी सरकार आन्दोलनका ३६ घण्टामै ढल्यो । परिस्थितिको यो सबैभन्दा नमिठो सत्यलाई अहिलेसम्म पनि ती दलहरूले स्वीकार्न सकेका छैनन् । यो नै आन्दोलनबाट विस्थापित दलहरूले जान/अन्जानमै गरेको एउटा ठुलो भूल हो । जबसम्म कुनै पनि क्रान्ति, आन्दोलन वा विद्रोहको स्वीकारोक्ति हुँदैन अनि निकासका बाटाहरू त्यसै त्यसै ढाकिन्छन् । त्यस्तै अलमलले निकास आफैँभित्र थुनिन्छ । अहिलेको अवस्था त्यत्ति मात्रै हो । त्यो बेला सत्ता समालेका मध्ये मुख्य सत्ता नेतृत्व गरेको दल नेकपा एमालेले चुनावमा नजाने भनिरहेको छ । अर्को ठुलो दल नेपाली कांग्रेस पुनर्स्थापना भए संसद् पनि वा नभए चुनाव पनि... भनेर दोबाटोको अन्तहीन प्रतीक्षामा छ । अरू दल पनि त्यस्तै अलमलका बिच गुज्रिरहेका छन् । चुनावको तयारीमा वा भनौँ चुनावी मैदानमा अहिलेसम्म कुनै पनि राजनीतिक दलहरूले पाइला अघि सारेका छैनन् ।

त्यो बेला सत्ता साझेदारी गरेका प्रमुख दलका हिसाबले कांग्रेस र एमालेले परिस्थितिका समान जिम्मेवार हुन् । यद्यपि सत्ता र सरकार फरक कुरा हो । त्यसको अर्थ जिम्मेवारीबाट भाग्ने भनेको हुँदै होइन । सत्तामा कांग्रेस थियो तर सरकारको नेतृत्व एमालेसँग थियो । यसर्थ पनि दुवैले अहिले आआफूलाई पानीमाथिको ओभानो बनाउने जुन प्रयास गरिरहेका छन्, आफैँमा आत्मघाती प्रयत्न हो । त्यसै गरी चुनावसम्म जाने बाटोमा जसरी दलहरू अमलमलिएका छन् यो झनै घातक छ । दलीय जीवनका लागि अनि राष्ट्र र राष्ट्रियताका निम्ति पनि यो अलमल उत्तिकै घातक छ । राजनीतिक अवचेतनले गाँजिएको सानो मात्रै अहङ्कारले पनि देशलाई कसरी खरानी बनाउन सक्छ भन्ने त हामीलाई त्यो आन्दोलनले छर्लङ्ग पारिसकेको छ । तैपनि देशका राजनीतिक दलले चेतेका छैनन् । सच्चिन होइन बरु सक्किन तयार रहेको भान अहिले पनि दिइरहेका छन् । नेपालको राजनीतिक इतिहास हेर्ने हो भने कांग्रेस इतिहासको सबैभन्दा पुरानो पार्टी हो । यो पार्टीसँग जति इतिहासका बयान छन्, सायदै आधुनिक राजनीतिक इतिहासका पानामा त्यति शब्दाक्षर नहुन सक्छन् । त्यस कारण पनि देशमा जे जस्तो परिस्थिति आइलाग्छ सबैभन्दा पहिला कांग्रेस नै जिम्मेवार हुनु पर्छ । उसले नै त्यसको जिम्मेवारी लिनु पर्छ । यो कतै लेखिएको छैन । अनि कतै कानुनमा उल्लेख गरिएको छैन । राजनीतिक दायित्व लेखिएका हुँदैनन्, ती दल र तिनको नेतृत्वले राष्ट्रप्रतिको आत्मबोधले सिद्ध गर्ने कुरा पनि हुन् । इतिहासका हरेक राजनीतिक सङ्कट, राष्ट्रिय राजनीतिक सङ्क्रमणकाल वन जस्तो जुकै निर्णायक मोडहरूमा पनि कांग्रेस यति धैरै अलमलिएको ऐतिहासिक क्षण लगभग छैनन्, जसरी अहिले कांग्रेसको दशा छ । एमालेसँग पनि त्यस्तै होलान्, अरू पुराना नयाँ पार्टीका अनुभव अलग अलग हुन सक्छन् ।

देशको राजनीतिक इतिहासमा प्रस्टसँग लेखिएको अनि देखिएको एउटा तथ्य के हो भने सङ्कटका यस्ता हरेक मोडमा राष्ट्रको नेतृत्व कांग्रेसले नै गर्दै आएको छ । नेतृत्व भनेको मात्रै सरकार चलाउनु होइन । सत्ता अनि सरकारको नेतृत्व गर्नु होइन । त्यो भनेको परिस्थितिको जटिलतालाई कसरी पन्छाउने भन्ने हो । देशलाई कसरी अनिर्णयको बन्दीबाट मुक्त गर्ने भन्ने हो । सङ्कटको समाधानतिर कसरी सबै पक्षलाई समालेर वा समेटेर अघि बढाउन सकिन्छ भन्ने हो । २००७ सालदेखि २०६२/६३ र संविधान जारी हुँदा २०७२ सालसम्मका ऐतिहासिक राजनीतिक परिवर्तनमा कांग्रेस नै अग्रणी भूमिकामा छ । कतिपय अवस्थामा सत्ता वा सरकारमा रहेर अनि कतिपय अवस्थामा बाहिरै रहेर ।

परिस्थितिले अहिले पनि कांग्रेसको त्यही विम्बलाई खोजिरहेको छ । कांग्रेसको त्यही भूमिका अहिलेको सङ्कट समाधानको सही बाटो हुन सक्छ यसमा कुनै दुईमतै छैन । त्यसका लागि कांग्रेस आफैँमा जिम्मेवार भएर अघि आउनु पर्छ । पार्टी नेतृत्वले त्यसको लागि आँट गर्नु पर्छ, वा आँट गर्ने नेतृत्व ल्याउनु पर्छ । त्यो भनेको अहिले सबैलाई कसरी मिलाएर अगाडि लैजान सकिन्छ भन्ने हो । परिस्थितिवश देशमा अहिले अन्तरिम सरकार छ । चुनावको मुख्य दायित्व बोकेको यो सरकारसँग अनेकन अपेक्षा पनि गाँसिएका होलान् तर सरकारले यो प्रस्ट पार्नु पर्छ कि अहिलेको सबै शक्ति भनेको चुनावमै केन्द्रित गर्ने हो । बाँकी काम त्यसपछि आउने सरकारले गर्छ । किनकि अब फेरि हाम्रो सरकार हामीले नै चुन्ने हो । त्यो भनेको जसले भदौ २३ र २४ को आन्दोलन गऱ्यो । एक तिहाइ मतदाता उनै जेनजीहरू नै हुने छन्, जसले परिवर्तन चाहेका थिए ।

अर्को एउटा अकाट्य सत्य भनेको चुनाव भनेको सरकारले मात्रै गराउने होइन वा चुनाव गराउने दायित्व भनेको निर्वाचन आयोगको मात्रै हुँदै होइन । बहुदलीय-संसदीय प्रणालीमा चुनाव गराउने वा चुनावी वातावरण बनाउने पहिलो दायित्व भनेको राजनीतिक दलहरूको नै हो । यो वा त्यो बहानामा कुनै पनि राजनीतिक दल भाग्न पाउँदैनन् । सरकारले सुरक्षाको ग्यारेन्टी गर्न सकेन, दलहरूलाई भरोसामा ल्याउन सकेन वा आयोगले चुनावी वातावरण बनाइदिएन, उसको तयारी पुगेन भन्ने जस्ता परम्परागत आरोप अनि वहाना गरेर दलहरू चुनावबाट भाग्न पाउँदैनन् ।

सबैभन्दा धैरै चुनाव चाहिएको भनेको राजनीतिक दललाई नै हो । जनताले एक पटक अविश्वास गरिसकेपछि फेरि ताजा र नयाँ जनादेश नै लोकतन्त्रको सबैभन्दा उत्तम विकल्प हो अनि लोकतन्त्रको सुन्दर अभ्यास पनि । अझै पनि केही बिग्रेको छैन । फागुन २१ नभए केही महिनापछि अन्ततः चुनाव गर्ने नै हो, हुने नै हो । त्यो बेला पनि जनताको घरदैलो पुग्नै पर्छ । त्यतिञ्जेल धैरै नै ढिला भइसकेको हुनेछ । देश अझ घोर अन्योलपूर्ण भड्खालोमा जाने छ । तसर्थ अहिले जिम्मेवार राजनीतिक दलहरूले गर्ने भनेकै चुनावी तयारी हो । सरकारले चुनाव गराउन नसक्ने कुरै छैन । दलहरू आजैका दिनदेखि चुनावी मैदानमा उत्रिए भने सरकारलाई पनि चुनाव गराउन करै लाग्छ । चुनावको माहोल बनाउने भनेको दलहरू आफैँले हो । त्यसका लागि सबैभन्दा पहिला कांग्रेस-एमाले जस्ता जिम्मेवार दल समन्वय र सहकार्यको वातावरण बनाउन लाग्नु पर्छ । त्यसको अगुवाइ उनीहरूले गरुन् ।

अझै धैरै केही बिग्रिसकेको छैन, जनताका अपेक्षा पूरा गर्न नसक्दा वा सत्ता अनि शक्ति उन्मादमा उनीहरूसँग गरेका वाचाहरू भुल्दा अनि नागरिकको भावनाको अवमूल्यन गर्दा नै त्यसको परिणाम आज देशले भुक्तान गर्न परिरहेको छ । त्यसको मुख्य जिम्मेवार भनेकै यिनै दलहरू हुन् । जनताले माफी दिन्छन्, तर क्षमा याचनाका लागि दलहरूले ढिला नगरुन् । जनताको घरदैलोमा पुगेर उनीहरूका अघि आत्मसमीक्षा अनि आत्मालोचना र राजनीतिक प्रायश्चितका लागि फागुन २१ को चुनावभन्दा उत्तम साइत अर्को हुन सक्दैन ।

# पवित्र माटोमा विषादीको प्रयोग



• इन्द्रकुमार श्रेष्ठ

नेपाली कृषि क्षेत्रको पीडा हरेक वर्ष बर्खे र हिउँदे बाली लगाउने बेलामा चर्कने रासायनिक मल र बिउको अभावसँगै सतहमा आउँछ । तथ्याङ्क भन्छ, सरकारले बर्सेनि २० अर्ब रुपियाँभन्दा बढी अनुदानसहितको रासायनिक मल आयातमा खर्च गर्छ तर पनि धैरै किसानका हात खाली नै रहन्छन् । आयातमा खर्च भएको यो ठुलो धनराशि राष्ट्रिय ढुकुटीको दोहन मात्र होइन; यो हाम्रो माटो, स्वास्थ्य र भविष्यमाथि भइरहेको घातक लगानी हो ।

सरकारको काम नेपाली माटो स्वस्थ बनाउनु हो । रैथाने बालीलाई जोगाउनु हो । यसका लागि नीति बनाएरै कार्यान्वयन गरिनुपर्ने हो । त्यसो गर्नुको सट्टा, उत्पादन बढाउने नाममा रासायनिक मल आयात गरी माटो बिगारिएको छ । 'हाइब्रिड बिउ' भन्दै वातावरण प्रतिकूल बिउ ल्याएर स्थानीय बालीका रैथाने बिउ मास्न थालिएको छ । सरकारको काम र जनताको सन्तुष्टि-हाम्रो जस्तो कृषिप्रधान देशको पवित्र माटोमा गरिने अन्यायसँग जोडिनु महाभूल नै हो । यसले हाम्रो माटोको मौलिक गुण नष्ट गरी भविष्यमा हाम्रा जग्गा बाँझो रहने सम्भावना बढाएको छ । यसबाहेक मल आयातको टेन्डर प्रक्रियामा

हुने अनियमितता र भ्रष्टाचारले राजनीतिक तथा प्रशासनिक तहमा एउटा निहित स्वार्थ समूहसमेत सिर्जना गरेको छ जसले यो आत्मघाती चक्रलाई प्रोत्साहन र निरन्तरता दिइरहेको छ ।

सबैभन्दा महत्वपूर्ण कुरा-बर्सेनि 'समयमै रासायनिक मल र बिउ उपलब्ध गराउनु पर्छ' भनेर किसानले सरकारसँग गर्ने माग नै आत्मघाती छ । यो मागले हामीलाई परनिर्भरता र वातावरणीय क्षतिको दुष्चक्रबाट बाहिर निस्कन दिँदैन । जब हामी रासायनिक मल माग्छौँ, तब हामी थप विष र थप परनिर्भरताका लागि बाटो खोलिरहेका हुन्छौँ । किसानको उत्पादन स्वस्थ नभएपछि उपभोक्ता-जनता अस्वस्थ हुने नै भए । विडम्बना त के छ भने, सरकारले मलमा गरेको अनुदानभन्दा कैयौँ गुणा बढी पैसा विषादीको प्रयोगका कारण उपभोक्ताको



स्वास्थ्य उपचारमा (क्यान्सर, मिर्गौला फेल आदि) अप्रत्यक्ष रूपमा खर्च भइरहेको छ । यसको अर्थ, हामी अनुदान दिएर आफ्नो स्वास्थ्यलाई विष किन्न प्रोत्साहित गरिरहेका छौँ । सरकार, किसानलाई मल, बिउ, विषादीको बन्दोबस्त गरिदिएर जाती हुने । किसान तिनैलाई प्रयोग गरेर अस्वस्थ खाद्य पदार्थ उत्पादन गरेर मक्ख पर्ने ! यसरी, देशै अस्वस्थ भइरहेको कुरा थाहै नपाएको कि बुझ पचाइएको होला !

हाम्रा किसानले अन्धाधुन्ध रूपमा प्रयोग गर्ने गरेको रासायनिक मलले माटोको प्राङ्गारिक पदार्थ (जुन स्वस्थ माटोका लागि दुईदेखि पाँच प्रतिशत हुनु पर्छ) र लाखौँ सूक्ष्म जीवलाई नष्ट गर्दै छ, जसले गर्दा माटो अम्लीय बनेर बाँझो हुँदै गएको छ । अहिले मलबिना बाली नै नहुने अवस्था आउनुको मुख्य कारण यही रासायनिक मलको प्रयोग गर्ने बानी नै हो । यता हाइब्रिड बिउले किसानको बिउ जोगाउने र छनोट गर्ने पुर्ख्यौली अधिकार खोसेको छ, जसले हाम्रो कृषि-जैविक विविधताको भण्डारलाई पनि जोखिममा पारेको छ । रासायनिक विषाक्तताले गर्दा उत्पादित खाद्यान्नको पोषणयुक्त गुण घट्छ र यसले मानव स्वास्थ्यमा क्यान्सर जस्ता गम्भीर रोगको जोखिम बढाइरहेको छ । अब हामीले 'माटो जोगाऊँ, मल आफैँ बनाऊँ' बिउ जोगाऊँ, आफ्नो स्वास्थ्य बचाऊँ" अभियान सुरु गर्नैपर्ने भएको छ ।

यसका लागि अब हामीले हाम्रै स्थानीय रैथाने बिउ र कम्पोस्ट तथा प्राङ्गारिक मल, झोल मलको शक्तिलाई पुनर्स्थापित गर्नु पर्छ । मानव मलको प्रयोग पनि गर्न सकिन्छ । गाईवस्तुको गोबर, झारपात र भान्साको फोहोरबाट बन्ने प्राङ्गारिक मलले माटोलाई चाहिने सबै पोषक तत्व दिन्छ, माटोलाई जीवित राख्छ र यसले माटोको पानी धारण गर्ने क्षमता पनि बढाउँछ । यो मल प्रयोग गर्दा किसानको उत्पादन लागत घट्छ र देशको अर्बौं रुपियाँ बिदेसिनबाट जोगिन्छ । रैथाने बिउ स्थानीय वातावरण अनुकूल, रोग प्रतिरोधी र उच्च पोषणयुक्त हुन्छन् । सामुदायिक बिउ बैङ्कमार्फत यसको संरक्षण गर्नु भनेको दीर्घकालीन खाद्य सुरक्षाको ग्यारेन्टी गर्नु हो । नेपालको मध्य पहाड वा केही हिमाली भेगका किसानले रासायनिक मलको प्रयोग छाडेर प्राङ्गारिक कृषि अपनाउँदा उच्च गुणस्तरको उत्पादन प्राप्त

गरेको र उनीहरूको जीवनस्तरसमेत सुधारिएको उदाहरणले यो परिवर्तन सम्भव छ भन्ने पुष्टि गर्छन् । यसका लागि ठुलो वैदेशिक सहयोग वा जटिल प्रविधि होइन, केवल परम्परागत ज्ञान, पाका किसानका अनुभवको प्रचारसँगै सरकारी इच्छाशक्तिको खाँचो छ ।

अबका दिनमा सरकारले मलमा अनुदान दिएर किसानलाई परनिर्भर बनाउने नीति तुरुन्त त्याग्नु पर्छ । उक्त बजेट प्राङ्गारिक कृषि, रैथाने बिउ संरक्षण तथा स्थानीय मल उद्योग स्थापनामा लगाउनु पर्छ । केन्द्र सरकारको नीति र निर्देशनमा स्थानीय सरकारले यो काम गर्न सक्छन् ।

प्रत्येक स्थानीय तहमा प्राङ्गारिक कृषि प्रसार केन्द्र स्थापना गरी माटो परीक्षण, जैविक मल उत्पादनको तालिम तथा प्राङ्गारिक उत्पादनलाई बजारसँग जोड्ने कार्यमा यो अनुदानको रकम खर्च गरिनु पर्छ । जीवनदाता किसानले पनि आफ्नो माटो, स्वास्थ्य र भविष्यको हितमा आत्मघाती माग त्याग्नु पर्छ ।

जब हामी हाम्रै बिउ र हाम्रै मल प्रयोग गर्छौँ, तब मात्र हाम्रो माटो जोगिन्छ र हामी स्वस्थ जीवन बाँचिरहेका हुन्छौँ । यो परिवर्तनको जिम्मा उपभोक्ताको पनि हो । उपभोक्ताले जबसम्म रासायनिक मलले फलाएको सस्तो तर विषालु उत्पादनलाई बहिष्कार गर्दैनन् र प्राङ्गारिक उत्पादनको उचित मूल्य तिर्न तयार हुँदैनन्, तबसम्म किसानलाई परिवर्तनका लागि प्रोत्साहन मिल्दैन ।

अबको सङ्घर्ष रासायनिक मलको उपलब्धताका लागि होइन, माटोको स्वाधीनता, आत्मनिर्भर जीवन र स्वस्थ पुस्ताको निर्माणका लागि हुनु पर्छ ।

# गगनको गर्जबाट कांग्रेस गंभीर !

झापा(प्रस) । १५ औं महाधिवेशनको कार्यतालिका प्रस्तुत गर्न नपाएपछि केन्द्रीय समितिको बैठक नै बहिष्कार गर्दै एकप्रकारको 'विद्रोह' गरेका महामन्त्री गगन थापाको अडानले कांग्रेसका कचिंगल बढेको छ । पहिलो दिनको विद्रोह र दोस्रो दिनको अडानले कार्यवाहक सभापति पूर्णबहादुर खड्काले केन्द्रीय समिति बैठक नै स्थगित गरेका छन् । महाधिवेशनको कार्यतालिका प्रस्तुत गर्न नपाएपछि बिहीबार थापा फन्किँदै केन्द्रीय कार्यालयबाट बाहिरिएका थिए ।

पहिलो दिन गगनको अनुपस्थितिमा पनि खड्काले बैठक चलाएरै छोडे । थापा बाहिरिए पनि खड्काले पटक-पटक फोन गरेर उनलाई बैठकमा आउन आग्रह गरिरहे । तर, रिसाएर हिँडेका थापा फर्किएनन् । शुक्रबार बिहानैदेखि महामन्त्रीद्वय छलफलमा निस्किए । नेता डा. शेखर कोइराला र कार्यवाहक सभापति खड्कासँग उनीहरूले छलफल गरे । यी छलफलका क्रममा थापाले महाधिवेशनका लागि तयार नभए शुक्रबारको बैठकमा पनि सहभागी नहुने चेतावनी दिए । त्यसपछि खड्काले केन्द्रीय समितिको बैठक अगाडि बढाउने आँट गरेनन् । बरु आइतबार १ बजेसम्मका लागि स्थगित गरिदिए ।

महामन्त्रीद्वयले नियमित महाधिवेशनका लागि तयार हुन आग्रह गरेपछि खड्काले छलफलका लागि केही समय दिन आग्रह गरेका थिए ।

महामन्त्रीद्वयसँग छलफल गरेपछि खड्काले केन्द्रीय कार्यालय पुगेर संस्थापन निकटका पूर्व पदाधिकारी र डा. शेखर कोइरालासँग छलफल गरेका थिए ।

'अघिल्लो दिन उहाँले पेलेरै बैठक चलाउनुभयो । तर, शुक्रबार बिहानैदेखि छलफल र दौडधूपपछि कार्यवाहक सभापति बैठक स्थगित गर्ने निचोडमा पुग्नुभयो,' स्रोतले भन्यो, 'महामन्त्रीसँग छलफल गरेपछि उहाँले केन्द्रीय कार्यालय पुगेर विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत र डा. शेखर कोइरालासँग छलफल गर्नुभयो अनि बैठक स्थगित गर्नुभएको हो ।'

केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले नियमित र विशेष महाधिवेशन दुवै टार्ने नियतमा संस्थापन लाग्दा समस्या भएको बताए ।

'हामीले नियमित महाधिवेशन मंसिरमा गर्नुपर्छ भन्यौं । सहमतिमा पुससम्म पनि महाधिवेशनको विकल्प दियौं । यो सम्भव नहुँदा विशेष महाधिवेशन पनि विधान अनुसारको विकल्प हो,' सिवाकोटीले भने, 'तर, उहाँहरू नियमित र विशेष दुवै टार्ने गरी फागुनमा महाधिवेशन भनिरहनु भएको छ ।'फागुन २१ गते चुनाव तोकिँदा संस्थापनले फागुन ५ महाधिवेशनको मिति प्रस्ताव गरेर रमिता गरेको उनको भनाइ छ ।



'हामीले त समय हुँदै विकल्प दिएका छौं । समयमै नियमित महाधिवेशन गरौं, नभए विशेष महाधिवेशनमा जाऔँ भनेका छौं,' सिवाकोटीले भने, 'तर, फागुन २१ गतेको चुनाव हुँदा उहाँहरू फागुन ५ गते महाधिवेशन गरौं भन्नुहुन्छ । यो सहमतिमा आउनेभन्दा अड्काउने कुरा हो ।' फागुन ५ गतेको प्रस्ताव र वैशाखको प्रस्ताव मिल्दो कुरा भएन । अड्काउने कुरा मात्रै भयो ।'

नियमित महाधिवेशनका लागि तयार नभए विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका २४८८ प्रतिनिधिलाई बेवास्ता नगर्न दबाब बढाइएको छ । यसले पनि संस्थापनलाई नैतिक अप्ठ्यारोमा पारिदिएको छ ।

'हामी नियमितकै पक्षमा हो, तर २४८८ महाधिवेशन प्रतिनिधिको भावनालाई बेवास्ता गर्न हुँदैन,' सिवाकोटीले भने, 'आज बैठक स्थगित गर्ने अवस्था बन्नुहुन्थेन । तर, पनि पर्सिसम्म छलफलका लागि स्थगित गरेको बुझेका छौं । अब पनि महाधिवेशन नगर्ने स्थिति आए विशेष महाधिवेशनको तयारी झन् जोडतोडले अघि बढ्छ ।'

महामन्त्री, शेखर कोइराला र संस्थापन निकटका समेत केही प्रतिनिधिले हस्ताक्षर गरेपछि विशेष महाधिवेशनको मागलाई पनि टार्न सक्ने स्थिति संस्थापनलाई छैन । विधानकै व्यवस्थाअनुसार उनीहरूले विशेष महाधिवेशनको माग गरेका हुन् । ४० प्रतिशतले माग्न सक्नेमा ५४ प्रतिशतको हस्ताक्षर पुऱ्याएपछि संस्थापन दबाबमा देखिएको छ ।

यस्तोमा नियमित महाधिवेशन छिटो नगर्दा विशेषका लागि तयार हुनैपर्ने दबाब छ । विशेष महाधिवेशन पक्षधरले दबाब बढाउनकै लागि आइतबार भेला डाकेका छन् ।

चुनावअघि नै महाधिवेशन गर्दा आफूअनुकूल प्रत्यक्ष र समानुपातिक उम्मेदवार तय गर्न नपाइने चिन्तामा संस्थापन पक्ष छ । किनकि चुनावमा उम्मेदवार र समानुपातिकको बन्दसूची आफ्नो अनुकूलतामा बनाउन सक्ने त्यसपछि हुने महाधिवेशनमा आफूहरूलाई फाइदा हुने दाउ संस्थापनले हेरेको छ । तर, महामन्त्रीसहितका इतर पक्ष अहिलेकै नेतृत्वलाई देखाएर निर्वाचनमा गए पार्टीले शर्मनाक हार बहोर्ने तर्क गरिरहेका छन् ।

संस्थापनपक्षीय नेताले कुनै पनि हालतमा चुनाव अगाडि महाधिवेशन नगर्न दबाब दिएका छन् । पटक-पटक गुटको बैठक राख्न कार्यवाहक सभापतिलाई दबाब दिँदै उनीहरूले महामन्त्रीसामु नझुक्न दबाब दिँदै आएका हुन् ।

'उहाँहरूले नियमित गुटका बैठक राखेर चुनावअगाडि कुनै हालतमा पनि महाधिवेशन गर्ने गरी कार्यतालिकामा सहमति नजनाउन आग्रह गर्नुभएको छ । नेता प्रकाशशरण महतले त शेखर कोइरालाको समेत साथ रहेको कार्ड फालिरहनुभएको छ,' कांग्रेसका एक केन्द्रीय सदस्य भन्छन्, 'कांग्रेसका एउटा समूह कार्यवाहकमा पूर्ण दाइ रोक्न लागिपऱ्यो, तर सकेन । अहिले नियमित महाधिवेशन गराउन उहाँ तयार हुनुहुन्छ । तर, निकटकाले आफूहरूको राजनीति सकिन्छ भनेर उहाँमाथि दबाब बढाइरहनुभएको छ ।'

आफूअनुकूल टिकट बाँडेर महाधिवेशनका लागि टिम बनाउने स्थिति नभए आफूहरूको राजनीति सकिनेमा पूर्व पदाधिकारी देखिएका छन् । मुख्यगरी पूर्व पदाधिकारीहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, डा. शशांक कोइरालादेखि डा. प्रकाशशरण महतसम्मका नेता पेचिलो अवस्थामा छन् । देउवाले गुटको बैठक नराख्दा असन्तुष्ट भएका उनीहरूले अहिले खड्कामाथि निरन्तर दबाब बढाउँदै आएका छन् । प्रवक्ता डा. प्रकाशशरण महतले समझदारी कायम गर्नका लागि कार्यवाहक सभापतिले बैठक स्थगित गरेको जानकारी दिए ।

'हामीले चुनावको दबाबले वैशाखमा महाधिवेशन गरौं भनेका हौं । तर, अरू साथीहरूले त्यसअघि नै महाधिवेशन गरौं भनेर दबाब बढाउनुभएको छ,' महतले भने, 'त्यसैले कार्यवाहक सभापतिले समझदारी विकास गरेर निर्णयमा पुग्नका लागि केन्द्रीय समितिको बैठक स्थगित गराउनुभएको हो ।'अनर्गल विचार राख्नुभन्दा पनि चुनावको दबाबलाई लिएर वैशाखमा महाधिवेशन गर्न सुझाएको महतले बताए ।

नियमित वा विशेष महाधिवेशनबारे शेखर कोइराला र उनको समूहले निर्णय नलिएपछि उनीहरूको पोजिसनमा संशय व्यक्त भएको थियो । त्यसैले महामन्त्री विश्वप्रकाश शर्माले तपाईंको धारणा के हो भन्दै प्रश्न गरेपछि शेखरले शुक्रबार दुवै महामन्त्रीसँग छलफल गरेका थिए ।

'उहाँ १४ औं महाधिवेशनको नेता हो । तर, महाधिवेशनबारे केन्द्रीय समितिको बैठकमा उहाँपक्षीय नेताले बोल्नुभएको छैन । नियमित वा विशेष महाधिवेशनबारे खुलेर कुरा राख्नुभएको छैन,' महामन्त्री शर्मानिकट स्रोतले भन्यो, 'त्यसैले बिहीबार उहाँले शेखर दाइलाई तपाईं पक्षका नेताले बोलेका छैनन्, नियमित वा विशेष महाधिवेशनबारे तपाईंको धारणा के हो ? मंसिर, पुस, फागुन र वैशाख कहिलेसम्म महाधिवेशन गर्न सकिने हो ? प्रस्ट पार्नुस्, भनेपछि आजको बैठक सम्भव भएको हो ।'

सोही छलफलका क्रममा शेखर पक्ष पनि पुसमा महाधिवेशनका लागि तयार भएको थियो ।

'फागुन २१ गतेको निर्वाचनअघि नै १५ औं महाधिवेशन गर्न सकिन्छ । बरु विशेष महाधिवेशनको विषय थाती राख्न तयार हुनुपर्छ भनेर छलफल गऱ्यौं । तत्काल महाधिवेशनका लागि कार्यतालिका ल्याउनुको विकल्प छैन भन्नेमा हामीबीच सहमति जुटेको छ,' सहमहामन्त्री जीवन परियारले भने, 'यही सहमतिपछि मेलमिलाप दिवसको दिवसको अवसर पारेर पुस १६ देखि २० गतेसम्म १५ औं महाधिवेशन गर्न सकिन्छ भनेरै विकल्पमा तयार भएका छौं ।'

सो छलफलपछि महामन्त्रीद्वय कार्यवाहक सभापतिसँग छलफल गर्न उनको निवास पुगेका थिए ।

'सभापतिले भने अनुसार नियमित महाधिवेशनका लागि आग्रह गर्दै महामन्त्रीहरू कार्यवाहक सभापतिलाई भेट्न जानुभएको थियो । भेटमा उहाँले पनि महाधिवेशनबारे अलमल छैन, कति अगाडि वा पछाडि भन्नेमा मात्रै कुरा मिल्न बाँकी हो । केही साथीहरू मान्नुभएको छैन, कुरा गर्छु भन्नुभएका थियो,' खड्काको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'तपाईंहरूले प्रस्ताव गरेको समयमा वरपर रहेर एउटा समझदारी गर्नमा समस्या छैन । म पूर्व पदाधिकारीसँग छलफल गरेर समझदारी निर्माणमा लाग्छु । अरूसँग पछि छलफल गर्छु । तपाईंहरूले पनि छलफल गरेर एउटा वातावरण बनाइदिनुस् ।'

महामन्त्रीको दबाबपछि केन्द्रीय कार्यालय पुगेर खड्काले छलफल पनि गरे । तर, अन्तिममा बैठक स्थगित गराए ।

# भिजिट भिसा : डलर अनिवार्य प्रावधान हट्यो

झापा(प्रस) ।सरकारले भिजिट भिसा खुकुलो बनाएको छ । गृहमन्त्रीस्तरीय निर्णयबाट भिजिट भिसाका विद्यमान विभिन्न प्रावधान हटाएर सहज बनाइएको हो ।अध्यागमन विभागले पत्रकार सम्मेलन गर्दै भिजिट भिसामार्फत विदेश जान चाहनेका हकमा सहज बनाइएको जनाएको छ ।

त्यसका लागि कम्तीमा ६ महिना वैध अवधि भएको राहदानी, सम्बन्धित देशको प्रवेशाज्ञा वा अनअराइभल भिसा प्राप्त हुने मुलुक भए प्रवेशाज्ञा नचाहिने, प्रस्थान गर्ने गन्तव्यसम्मको हवाई टिकट र आफू भ्रमण गर्ने प्रयोजनका लागि जान लागेको, त्यसका लागि आवश्यक कागजात साथमा रहेको र यसबाट सिर्जित परिणाममा स्वयं जिम्मेवार रहने समेत बेहोरा प्रस्थान गर्ने व्यक्तिले गरेको स्वघोषणा हुनुपर्ने विभागले जनाएको छ ।

यसअघि भिजिट भिसामार्फत विदेश जानेका हकमा न्यूनतम ५ सय अमेरिकी डलर, दुईतर्फी हवाई टिकट, अग्रिम होटल बुकिङ वा स्पोन्सरको प्रमाण अनिवार्य गरिएको थियो । तर, अबदेखि यो प्रावधान हटाइएको विभागले जनाएको छ ।

अध्यागमन र भिजिट भिसाका सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न उच्चस्तरीय अध्ययन एवं छानबिन समिति गठन गरिएको थियो ।

समितिले नेपालको संविधानप्रदत्त नागरिकका मौलिक हक, व्यक्तिको मानवअधिकार र स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकारको प्रत्याभूति गर्न र स्वार्थ समूहका चलखेल निरुत्साहित गर्दै भिजिट भिसाका नाममा हुने गरेका गलत क्रियाकलाप नियन्त्रण गर्न सुझाव दिएको थियो ।



अध्यागमन प्रशासनमा सुशासन तथा व्यावसायिकता प्रवर्द्धन गर्न हाल कार्यान्वयनमा रहेको ६ बुँदे मापदण्ड पुनरावलोकन सिफारिस समितिले गरेको थियो ।

सोही अनुसार १० माघ २०८० देखि लागु भएको ६ बुँदे मापदण्ड लगायत यसअघि विभिन्न समयमा जारी गरिएका भिजिट भिसासम्बन्धी प्रावधान खारेज गरिएको विभागले जनाएको छ । उक्त व्यवस्था आजैका मितिदेखि कार्यान्वयन हुने बताउँदै विभागले नेपाली नागरिकलाई कुनै पनि बिचौलियाको प्रभावमा नपरी आफ्नो गन्तव्य र यात्राबारे पूर्णरूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अनुरोध गरेको छ ।

## वर्षाले...

जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी निरीक्षक रमेश राईको कमाण्डमा र प्रहरी चौकी गोलाखर्कबाट प्रहरी बरिष्ठ हवल्दार शम्भुकुमार राजवंशीको कमाण्डमा प्रहरी टोली खटिएर सडक खुलाउन सडक डिभिजन कार्यालय इलामसंग आवश्यक समन्वय भइरहेको इलाम प्रहरीले जनाएको छ ।

यसैबीच कात्तिक १५ गते लोकसेवा आयोगको परीक्षा रहेको र सो को लागि जिल्ला बाहिरबाट आउने परीक्षार्थीहरु सवार रहने सवारी साधन (मोटरसाइकल, जिप) र अत्यावश्यक सेवाको एम्बुलेन्स मात्र संचालन गर्न सकिने गरी उक्त सडक खण्डलाई केही मर्मत सुधार गरी शुक्रवार वेलुका ५:३० बजेसम्मका लागि खुला गरिएको थियो । अन्य सवारी साधन संचालनका विषयमा अर्को सूचना प्रकाशित नभएसम्म सडक बन्द नै रहेको जिल्ला प्रशासन कार्यालय इलामले जनाएको छ ।

# अनलाइन सञ्चारमाध्यम सञ्चालनमा शुल्क तोकियो

झापा(प्रस) । अबदेखि अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणको लागि शुल्क लाग्ने भएको छ । सरकारले छापाखाना र प्रकाशनसम्बन्धी नियमावली संशोधन गर्दै सञ्चारमाध्यमको दर्ता र नवीकरणमा शुल्क लाग्ने व्यवस्था गरेको हो ।

यस अनुसार अनलाइन सञ्चारमाध्यम दर्ताका लागि ५ हजार रुपैयाँ शुल्कसहित आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । यस्ता सञ्चारमाध्यमहरू प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने र यसरी




नवीकरण गर्दा प्रत्येक पटक २ हजार ५ सय शुल्क लाग्ने व्यवस्था गरिएको छ । नियमावलीले यसअघि जिल्ला प्रशासन कार्यालयबाट दर्ता हुँदै आएका पत्रपत्रिका लगायतलाई सूचना तथा प्रसारण विभागमार्फत दर्ता तथा नियमन हुने व्यवस्था मिलाएको छ ।

बसेको मन्त्रिपरिषद् बैठकको निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै संशोधित नियमावली कार्यान्वयनमा ल्याएको हो ।

## दुर्गा प्रसाईका....

गरी घरजग्गा कब्जा गरी सुकुम्बासी बनाएर सडकमा पुऱ्याइएका नेपाली नागरिकको घरजग्गा सरकारको जमानीमा जसको हो उसैलाई फिर्ता गराई पुनः ऋण दिने र ऋण तिर्ने व्यवस्था मिलाउने ।

१२. युवाहरुलाई बिदेश पलायन हुनबाट रोकी स्वदेशमै रोजगारीको सिर्जना गरि स्वरोजगार आत्मनिर्भर नेपाल बनाउन साना, मझौला र ठूला उद्योग स्थापना गर्ने ।

१३. रोजगारको सिलसिलामा बिदेश गएका नेपालीहरुलाई नेपाल फर्किएमा ३ प्रतिशत सहुलियत व्याजमा ३० लाखसम्मको प्रोजेक्ट लोन बिना धितो उपलब्ध गराउने । किनकि रेमिटान्स बिदेशबाट ५० डिग्रीको तातो गर्मीमा श्रम बेच्ने नेपाली युवाहरुले नै पठाएका हुन् ।

१४. प्लस टुभन्दा माथिको उच्च शिक्षाका लागि बिदेश जान बन्द गरी नेपालमै मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, सिए साथै प्राविधिक शिक्षालय लगायतका १ सयवटा भन्दा बढी कलेज खोली तथा खोल्न लगाइ हाल संसारलाई आवश्यक रहेको डाक्टर, नर्स, सिए, इञ्जिनियर गरी सबै विधामा प्रतिवर्ष १० हजारका दरले पढने व्यवस्था मिलाउने । संस्कृत भाषा र नैतिक शिक्षालाई अनिवार्य गर्ने गराउने ।

१५. बैंकबाट कालोसूचीमा परेका हालसम्मका करिव ६ लाख नेपालीको नाम कालोसूचीबाट हटाउने ।

१६. नेपालमा जन्मिएको नागरिक संसारको जहाँ पुगेपनि नेपाली नागरिकता कायम रहने व्यवस्था मिलाउने ।

१७. कृषि ऋण २ प्रतिशत व्याजमा पाउने व्यवस्था मिलाउने , उत्पादित सामग्रीको बजार ग्यारेन्टी सरकारले गर्ने र एक गाउँ एक उत्पादनको व्यवस्था मिलाउने ।

१८. ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई उच्च सम्मानका साथ निःशुल्क उपचारको व्यवस्था गराउने ।

१९. ज्येष्ठ नागरिक कोष खडा गरेर आवश्यक पर्ने ज्येष्ठ नागरिकलाई मासिक १० हजार रुपैंयाँ ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउने ।

२०. बिदेशमा हाम्रा युवा बेच्ने होइन, हाम्रो हिमालको पानी, पहाडको जडीबुटी र तराईको अन्न बेच्ने व्यवस्था गर्ने ।

२१. २०४६ सालपछिका नेता तथा कर्मचारीको सम्पत्ति छानविन गरी अकुत सम्पति सरकारीकरण गर्ने ।

२२. निजामती कर्मचारी प्रहरी, सेना र शिक्षकको तलब मासिक एक लाख बनाउने (जीवन निर्वाहका लागि पर्याप्त तलब हुँदासमेत भ्रष्टाचारमा संलग्न भएको पाइए जागिरबाट निकाली आजीवन काराबासको कानुन निर्माण गर्ने ।)

२३. कारागारमा रहेका कैदीबन्दीहरुको एक पटकलाई ६० प्रतिशत कैद मिनाहा गरी बाँकी रहेका कैदीबन्दीहरुलाई उत्पादनमार्फत समृद्धि कार्यक्रममा जोड्ने ।

२४. पाँच बर्षभित्रमा भ्याट पूर्णरुपमा हटाएर एकद्वार प्रणालीद्वारा आम्दानी बमोजिम कर निर्धारण गर्ने र चिकित्सक, शिक्षक, चाटर्ड एकाउन्टेन्ट, प्राविधिकहरुले जति आम्दानी गरेपनि १० प्रतिशतमात्र आयकर लगाइने व्यवस्था मिलाउने । घरबहाल कर ५ प्रतिशतमा ल्याउने ।

२५. भूमिहीन, सुकुम्बासी समस्या दीगो रुपमा समाधान गर्ने साथै नदी किनारामा बनाएका भौतिक संरचना २० मिटर कायम गर्ने ।

२६. जेन -जीका माग पुरा गर्ने साथै नेपालबाट आइएनजिओ र एनजिओ खारेज गर्ने ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर ।

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ ।

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ ।

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ ।